# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ०३ मिति : २०८१/०३/२५

## भाग-२

## राजदेवी नगरपालिका

# राजदेवी नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८१

**प्रस्तावना :** साविकको स्थानीय निकायमा सम्वत् २०६४ साल आश्विन मसान्तसम्म अस्थाई, करार सेवामा प्रवेश गरी हाल राजदेवी नगरपालिकमा कार्यरत रहेका कर्मचारीहरुको सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालत, संवैधानिक ईजलासको सम्बत २०७४ पौष २१ को आदेश तथा सम्मानित उच्च अदालत पोखराको सम्वत २०७३ चैत्र ३० गतेको आदेश कार्यान्वयन, समायोजन मिलान तथा तत् तत् पदमा सीमित प्रतियोगिताको माध्यमद्वारा स्थायी पदपुर्ति गर्न कानुनी व्यवस्थाको प्रबन्ध गर्न वाञ्छनीय भएकोले, राजदेवी नगरपालिकाको नगर सभाले राजदेवी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ३ र ४ बमोजिम यो राजदेवी नगरपालिकको कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८१ जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम **"राजदेवी नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "ऐन" भन्नाले "राजदेवी नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि ऐन, २०८१" सम्झनु पर्दछ ।

(ख) "कर्मचारी" भन्नाले सम्वत् २०६४ असोज मसान्तसम्म साविकको स्थानीय निकायमा (साविक जिल्ला विकास समिति रौतहट, स्थानीय विकास कोष तथा रौतहट जिल्ला अन्तर्गतका गा.वि.स.हरु) अस्थायी वा करार सेवामा नियुक्त भई सोही पदमा यो कार्यविधि जारी हुँदाका बखत सम्म राजदेवी नगरपालिकामा अविच्छिन्न रूपमा कार्यरत (हाल राजदेवी नगरपालिकामा समायोजन भएका सोही प्रकृतिका कर्मचारीसमेत) रहेका कर्मचारी सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले राजदेवी नगरपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले राजदेवी नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिम गठित राजदेवी नगपालिकाको "नगर सभा" सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले दफा ५ को उपदफा (२) बमोजिमको पदपूर्ति समिति सम्झनु पर्दछ ।

(ज) "अविछिन्न रुपमा कार्यरत कर्मचारी" भन्नाले साविक स्थानीय निकायमा कार्यरत (राजदेवी नगरपालिका घोषणा हुँदाका बखत साविक जि.वि.स., स्थानीय विकास कोष र साविक गा.वि.स.समेत) रही सम्वत २०६४ साल आश्विन मसान्तसम्म स्वीकृत दरबन्दीमा अस्थायी, करार नियुक्ति भई अविछिन्न रुपमा कार्यरत रहेको कर्मचारी सम्झनु पर्दछ ।

**स्पष्टीकरण :** सेवा प्रवेश देखि हाल सम्म कार्यरत रही आए पनि बीचमा सेवा छुट भएको र पुनः सेवामा आवद्ध रहेको कर्मचारीको हकमा अविछिन्न रुपमा कार्यरत रहेको मानिने छैन ।

## परिच्छेद-२

## विशेष पदपूर्ति र तह मिलान सम्बन्धी व्यवस्था

**३. अदालतको आदेश कार्यन्वयन :** (१) नगरपालिकाले सम्मानित श्री सर्वोच्च अदालत, संवैधानिक इजलासको मिति २०७४/०९/२१, ऋचा उप्रेती विरुद्ध मन्त्रीपरिषद, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, विषय : उत्प्रेषण, ०६९-WS-००६१ मा भएको आदेश तथा सम्मानित श्री उच्च अदालत, पोखराको मिति २०७३/१२/३०, विषय : उत्प्रेषण परमादेश, ०७२-WO-००८७ मा भएको आदेश बमोजिम सम्वत् २०६४ असोज मसान्तसम्म साविकका स्थानीय निकायमा (साविक जि.वि.स., स्थानीय विकास कोष तथा साविक गाविस.) अस्थायी र करार सेवामा नियुक्त भई सोही पदमा हालसम्म अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरुको सेवा सीमित प्रतियोगिताबाट स्थायी गर्नेछ । सम्मानित अदालतको आदेश बमोजिम विशेष प्रतियोगिता सम्बन्धी काम सम्पन्न गर्ने प्रयोजनको लागि देहाय बमोजिमको पदपूर्ति समिति रहने र समितिले सम्मानित अदातलको आदेश कार्यान्वयन गर्न विशेष प्रतियोगिता सम्बन्धी कार्य बढीमा साठ्ठी दिन भित्र सम्पन्न गर्नेछ ।

(२) उपदफा (१) को कार्य गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको वरिष्ठ अधिकृत एक जना - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(३) पदपूर्ती समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) पदपूर्ती समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

**४. पदपूर्ति सम्बन्धी विशेष व्यवस्था :** (१) सम्मानित अदातलको आदेश बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीको पदमा सम्वत् २०६४ साल असोज मसान्तसम्म नियुक्त भई यो ऐन प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्न रूपमा सोही दरवन्दीको पदमा कार्यरत कर्मचारीको न्यूनतम शैक्षिक योग्यता पुगेका स्वीकृत दरवन्दीमा कार्यरत सम्बन्धित कर्मचारीहरूको आन्तरिक सिमित प्रतिस्पर्धा गरी सोही पदमा एक पटकको लागि स्थायी पदपूर्ति गर्न सकिने छ ।

(२) परीक्षा विधि : यस ऐनले तोकेको कार्यविधि बमोजिम सम्वत् २०६४ असोज मसान्तसम्म नियुक्त भई हालसम्म अविच्छिन्न रूपमा यस नगरपालिकामा अस्थायी करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा स्थायी गर्न समितिले सेवा, समूह र पदका लागि आवश्यकता र उपयुक्तताका आधारमा लिखित, मौखिक र प्रयोगात्मक परीक्षा विधि छनौट गरी अवलम्बन गर्न सक्नेछ ।

(३) दफा (३) बमोजिमको समितिले आफ्नो कार्य सम्पादनको लागि अन्य सरकारी कार्यालयको सहयोग लिन सक्नेछ ।

**५. तह मिलान तथा समायोजन :** यस ऐन बमोजिम स्थायी भएका कर्मचारीहरुको तह स्वतः तह मिलान तथा समायोजन हुनेछ । समायोजन तथा तह मिलान प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । तर यस ऐनमा माथि जुनसुकै कुरा लेखिएको

भएतापनी प्रमुख प्रशासकीय अधिकृतले स्थायी भएका कर्मचारीहरुलाई स्थायी नियुक्ति पाएको एक महिना पछि स्थायी नियुक्ति पाएको तह भन्दा एक तह माथिको पदमा तहवृद्धि गरी समायोजन गर्नेछ ।

६. **सेवा अवधि गणना हुने :** यस ऐन बमोजिम स्थायी भएका कर्मचारीको सेवा अवधि स्थायी नियुक्त भएको मिति देखि गणना हुनेछ । तर बढुवा प्रयोजनको लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६९ (ग) तथा प्रचलित कानुन बमोजिम नोकरी अवधि गणना हुनेछ ।

७. **सेवा समाप्त हुने :** यस ऐन बमोजिम भएको सूचनामा भाग लिई परीक्षमा अनुत्तिर्ण हुने कर्मचारी स्वतः अवकाश हुनेछन् ।

८. **स्वत : अवकाश भएका कर्मचारीले पाउने सुविधा :** स्वतः अवकाश हुने कर्मचारीले राजदेवी नगरपालिका नगर कार्यपालिकाको निर्णयानुसारको सुविधा प्राप्त गर्नेछ ।

## परिच्छेद-३

## विविध

९. **पदपूर्ति गर्न नहुने :** यस कार्यविधि बमोजिम तह मिलान भई रिक्त हुने तल्लो पदमा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पद मिलान नहुँदासम्म त्यसरी रिक्त हुने पदमा कुनै पनि प्रक्रियाबाट पदपूर्ति गर्न पाइने छैन ।

१०. **निर्देशन दिन सक्ने :** यस कार्यविधि ऐन बमोजिम तोकिएको जिम्मेवारी सम्पन्न गर्न कार्यपालिकाले पदपूर्ति समितिलाई निर्देशन दिन सक्नेछ ।

११. **बाधा अड्काउ फुकाउ :** यो ऐन र यस अन्तर्गतको कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले फुकाउन सक्नेछ ।

१२. **खारेजी :** यो ऐन एक पटक कार्यान्वयन भएपछि स्वतः निष्क्रिय हुनेछ ।

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**